# भोक्राहा नरसिंह गाउँपालिकाको नगद सहायता (सञ्चालन) कार्यविधि २०७९

प्रमाणिकरण मितिः २०७९/०४/२०

**प्रस्तावनाः** प्राकृतिक तथा गैरप्राकृतिक विपदको उच्च जोखिममा रहेको तथा विपदबाट प्रभावित गाउँबासीलाई आफ्नै छनौट अनुसारको बस्तु तथा सेवा प्राप्त गर्ने अवसर प्रदान गर्दै राहत वितरण कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन तथा विपद् पूर्वतयारी र प्रतिकार्यलाई छिटो, छरितो र सहभागितामुलक वनाई गाउँबासीहरुको जीविकोपार्जन, शीघ्र पूनर्लभि र पुनस्थापन कार्यलाई सहज वनाउन प्रदान गरिने नगद सहायतालाई व्यवस्थित, संस्थागत तथा एकरुपता ल्याउन वाञ्छनिय देखिएकोले स्थानीय सरकार संचालन ऐनको दफा ११, बिपद जोखिम न्युनिकरण राष्ट्रिय नीति २०७५ को उप दफा ७।४२ तथा बिपद पुर्वतयारी तथा प्रतिकार्य योजना तजुर्मा मार्गदर्शन २०६७ को आठौ सम्शोधन २०७८ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "नगद सहायता (सञ्चालन) कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले भोक्राहा नरसिंह गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "राहत" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता लाई सम्झनुपर्छ।

(ग) "नगद सहायता" भन्नाले विपदको उच्च जोखिममा रहेका तथा प्रभावित व्यक्ति वा परिवारलाई प्रदान गरिने नगद सहायता सम्झनुपर्छ।

(घ) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

(ङ) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूर्णरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ।

अजमल अख्तर आजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

(च) "विपद्को जोखिममा रहेको व्यक्ति" भन्नाले संभाव्य विपदबाट परिवारका शारीरिक वा मानसिक समस्या उत्पन्न हुनसक्ने, घर, जग्गाजमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तीमा आंशिक वा पूर्णरूपमा नोक्सानी हुनसक्ने व्यक्तिलाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको गाउँ/नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(ज) "नगद सहायता ढाँचा" भन्नाले यस कार्यविधि बमोजिम नगद प्रवाह गर्दा अपनाईने ढाँचालाई सम्झनुपर्छ।

(झ) "वित्तीय सेवा प्रदायक" भन्नाले प्रचलित कानुन अनुसार स्थापना भइ वित्तीय सेवाहरु प्रदान गर्ने संस्थाहरु सम्झनुपर्छ।

(ञ) "असंगठित क्षेत्रका श्रमिक" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ७ को उपदफा (१) "ग" बमोजिम सार्वजनिक कार्यमा सहभागी हुन चाहने व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) "गाउँपालिका" भन्नाले भोक्राहा नरसिंह गाउँपालिका सम्झनुपर्दछ ।

(ठ) "न्यूनतम खर्च टोकरी" भन्नाले प्रतिव्यक्ति जीविकोपार्जनको लागि आवश्यक पर्ने खाद्यान्न एवं अन्य अति-आवश्यक बस्तु तथा सेवा-सुविधाको एकमुष्ठ आर्थिक मूल्य सम्झनुपर्छ।

(ड) "विपद् प्रतिकार्यात्मक सामाजिक सुरक्षा" भन्नाले विपदबाट बढी प्रभावित भई विशेष संरक्षण गर्नुपर्ने संकटासन्न व्यक्ति वा समूहलाई गरिने सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई सम्झनुपर्छ।

(ढ) "वजार" भन्नाले माग र आपूर्ति सम्बन्धमा संलग्न संस्था, प्रक्रिया, सामाजिक सम्बन्ध, पूर्वाधारहरूको संरचना तथा सेवा-सुविधा प्रदायकहरु जसमा नगद कारोबार या विनिमयम प्रणाली हुने गर्दछ, लाई सम्झनु पर्दछ ।

(ण) "वजारको लेखाजोखा" भन्नाले कुनै पनि विपद वा संकटको घटना पूर्व वा पश्चात् गरिने बजार संचालन सम्वन्धि अध्ययन तथा लेखाजोखालाई सम्झनुपर्छ।

(त) "विद्युतीय नगद प्रवाह" भन्नाले विधुतीय माध्यमबाट लाभग्राही सम्म नगद प्रवाह गर्ने प्रक्रियालाई सम्झनुपर्छ ।

(थ) "पूर्व सूचना" भन्नाले जल तथा मौषम विज्ञान विभागले विपद् अघि सचेतना तथा पूर्वतयारीको लागि संप्रेषण गरिने सूचनालाई सम्झनुपर्छ ।

३. आवश्यक सूचना एवं तथ्यांकको आधारः

(१) नेपाल सरकारको प्रचलित विधि एवं नियमसंगत प्राप्त भएका वा प्राप्त गर्न सकिने द्रुत-लेखाजोखा, जोखिम एवं संकटासन्नता नक्सांकन, क्षति एवं आवस्यकता बिश्लेषण तथा विपद् सम्वन्धि अधिकारिक सूचना तथा तथ्यांकलाई मूख्य आधार मानि यस कार्यविधिलाई कार्यन्वयन गरिने छ ।

## परिच्छेद २

## बजारको लेखाजोखा

४. विपद् वा संकटपूर्वको बजार नक्साङ्कन सम्बन्धि व्यवस्था:

(१) गाउँपालिकाले सामान्य अवस्थामा बजार आपुर्ति व्यवस्था, गोदाम-ढुवानीको अवस्था एवं क्षमता, न्यूनतम अत्यावश्यक आधारभूत सामाग्रीहरुको उपलब्धता एवं आपूर्ति श्रृंखला, वितीय संस्थाहरुको उपस्थिति एवं उक्त संथाहरुले प्रदान गर्ने सेवाहरुको उपलव्धता, उक्त सेवामा लाभग्राहीहरुको पहुँच, यातयात सहजता एवं चुनौती, सुरक्षा व्यवस्था, वस्तु तथा सेवाको मूल्य तथा विपदको समयमा सृजना हुन सक्ने अन्य सम्भावित अवस्थाको बारेमा विपद् वा संकट आउनु पूर्व नै आफ्नो क्षेत्रभित्रको बजार बिश्लेष्ण एवं नक्साङ्कन गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्रको विपद् वा संकटपूर्वनै बजार नक्साङ्कन गरि सम्भावित विपद् वा संकटको समयमा उच्च जोखिममा पर्न सक्ने सेवा, सुविधा एवं पद्धतिहरुलाई सुचारु गरि नगद सहायता सम्बन्धि कार्य गर्न आवश्यक पूर्वतयारी एवं जोखिम न्यूनीकरणका उपायहरु पहिचान गरि तत् सम्बन्धि कार्यक्रमहरु संचालन गर्न सकिने छ ।

५.बजारको द्रुत लेखाजोखा सम्बन्धि व्यवस्था:

(१) गाउँपालिकाले विपद् वा संकट पश्चात तत्काल बजार संचालनको अवस्था, आवश्यक सामग्रीको उपलब्धता, खुद्रा तथा थोक व्यवसायको अवस्था एवं प्रतिकार्य गर्न सक्ने क्षमता, बजार सम्मको पहुँच, माग-आपूर्ति सम्बन्ध, प्रतिस्पर्धात्मक अवस्था आदीको आधारमा बजार अवस्थाको प्रारम्भिक विश्लेषण गरी नगद सहायताको सम्भाव्यता अध्ययन गर्नुपर्नेछ ।

(२) गाउँकार्यपालिकाले उपदफा (१) बमोजिम प्रारम्भिक विश्लेषण गरी उपयुक्तताको आधारमा नगद वा वस्तुगत राहत वा दुवै वितरण गर्ने सम्वन्धमा आवशयक निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखाजोखा गर्न अनुसूची (१) बमोजिमको फारमको प्रयोग गर्नु पर्नेछ । अनुसूची (१) बमोजिमको थप एवं बिस्तृत सूचना संकलन गर्नुपर्ने अवस्था आएमा विश्लेषणात्मक प्रश्नहरु थप गर्न सकिने छ ।

परिच्छेद ३

## कार्यक्रमको ढाँचा निर्धारण र आधारहरु

६. नगद सहायता कार्यक्रमको ढाँचा निर्धारणः

(१) गाउँपालिकाले विपद्को अवस्था, प्रतिकुल मौषमको संभाव्यता, उपयुक्तता, बजार सञ्चालनको अवस्था, बजेटको उपलब्धता, प्रभावितहरुको संख्या र व्यवस्थापन तथा सञ्चालन खर्च जस्ता आधारहरुको विश्लेषण गरी देहाय अनुसारको नगद सहायता ढाँचा निर्धारण गर्नु पर्नेछ ।

(क) वहुउद्देश्यीय नगद सहयोगः निर्धारित सहयोग रकम एकै पटक वा पटक पटक गरी प्रभावित व्यक्ति या परिवारहरुलाई बिना शर्त राहत स्वरूप प्रदान गरिने छ ।

(ख) सशर्त नगद अनुदानः लाभग्राहीहरुलाई शीघ्र पुनर्लाभ, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा संलग्न गराई निश्चित शर्त सहित नगद सहायता प्रदान गरिने छ ।

(ग) कामका लागि नगद कार्यक्रमः निश्चित समयको लागि आर्थिक तथा सामाजिक विकास जस्ता कार्यमा संलग्न भै काम गरे बापत कामको प्रकृति अनुसार प्रचलित दर-रेटको आधारमा नगद सहायता प्रदान गरिने छ ।

(घ) भौचर पद्धति मार्फत सामाग्री वितरण कार्यक्रमः कुनै आधारभूत न्यूनतम अत्यावश्यक समग्रिहरु स्थानीय बजारमा उपलब्ध हुन नसकेको अवस्थामा या उक्त सामग्री हासिल गर्न लाभग्राहीहरुलाई अधिक लागत लाग्ने अवस्था भएमा मानविय सेवामा कार्यरत साझेदार संघ/संस्थाहरु संग समन्यव गरि भौचर पद्धति मार्फत लाभग्राहीहरुलाई उक्त सामग्री (हरु) सहयोग गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको प्रभावित लाभग्राहीहरुलाई नगद सहायता प्रत्यक्ष नगद हस्तान्तरण वा बैङ्क मार्फत वा वित्तीय सेवा प्रदायकहरुले संचालन गर्ने रेमिट्यान्स, मोबाइल एप्स, स्मार्ट कार्ड जस्ता नविनतम प्रविधिको प्रयोग गरी उपलब्ध गंराईने छ ।

७. नगद सहायता कार्यक्रमको ढाँचा निर्धारणको आधारः

(१) गाउँपालिकाले नगद सहायताको ढाँचा निर्धारण गर्दा देहाय बमोजिमका आधारहरु लाई लिनुपर्नेछ ।

(क) वहुउद्धेश्यीय नगद सहयोग ढाँचाका आधारहरुः

(१) विपद्को संभाव्य जोखिम वा संकटजन्य महामारीको संभाव्य जोखिम पूर्व वा पश्चात जन-धनको व्यापक क्षति हुनसक्ने वा हुनगई विभिन्न क्षेत्रगत सामाग्रीहरु सहायता गर्न समय लाग्ने देखिएमा,

(२) संभावित विपद्को पूर्व सूचना प्रणाली थप विश्वसनीय र प्रभावकारी हुदै गएको अवस्थामा,

(३) फरक-फरक न्यूनतम आवश्यकताहरु पूर्ति गर्न असहज परिस्थिति हुने अवस्था रही प्रभावितहरुको आफ्नै छनौटमा आवश्यकताहरु पुर्ति गर्नु पर्ने भएमा,



अध्यक्ष
...बरसिंह गाउँपालिका

(४) निर्धारित वस्तुगत सहायताले प्रभावितहरुको आवश्यकताहरु पुर्ति गर्न नसक्ने अवस्था भएमा,

(५) बजार सञ्चालन र आपुर्तिको अवस्थामा सहजता भएमा,

(ख) शसर्त नगद अनुदान वितरणका आधारहरुः

(१) विपद्को संभावित जोखिममा रहेका परिवार वा प्रभावितहरुलाई शीघ्र पुनर्लाभ, पुनर्लाभ पुनर्स्थापना तथा पुनर्निर्माणको कार्यहरु गर्नुपर्ने अवस्था रहेमा,

(२) विपद् प्रभावितहरुलाई स्वरोजगारी प्रदान गरी प्रतिकार्य गर्ने अवस्था भएमा,

(ग) कामका लागि नगद सहायता रकम वितरणका आधारहरुः

(१) विपद्पश्चात जनसंख्याको ठुलो हिस्सा बेरोजगार हुन गई अस्थाई रोजगारीको अवस्था सृजना गर्नु पर्ने अवस्था भएमा,

(२) नियमित प्रकृतिका स्थानीयस्तरका रोजगारीका अवसरहरु विपद्ले नराम्ररी प्रभावित गरेको अवस्था भएमा,

(३) आर्थिक, सामाजिक एवं भौतिक पुर्बाधार निर्माण/पुनर्निर्माण गर्नुपर्ने परिस्थिति संगै जनसंख्याको ठुलो हिस्सा बेरोजगार हुन गएको अवस्थामा,

(घ) भौचर पद्धति मार्फत सामाग्री वितरणका आधारहरुः

(१) अत्यावस्यक सामाग्रीहरु स्थानीयवासीले सहज उपलब्ध हासिल गर्न नसकेको अवस्थामा,

(२) अत्यावस्यक या बिशेष महत्वका सामाग्रीहरु स्थानीय बजारमा उपलब्ध नभएको अवस्थामा,

(३) अत्यावस्यक या बिशेष महत्वका सामग्री हासिल गर्न लाभग्राहीहरुलाई अधिक लागत लाग्ने अवस्था भएमा ।

(२) उपदफा (१) मा उल्लिखित ढाँचाहरुमध्ये उययुक्त ढाँचाको निर्धारण समितिले गर्नेछ ।

## परिच्छेद ४

## नगद सहायता वितरणको विधि तथा प्रक्रिया

८. लाभग्राही वर्गको पहिचानः

(१) गाउँपालिका भित्रका लाभग्राही वर्गको पहिचान सम्वन्धित वडा कार्यलयले गरी सोको सूची समितिमा पेश गर्नु पर्नेछ ।

अजय कुमार अजय
अध्यक्ष
ओलापुर नरसिंह गाउँपालिका

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा जनधनको क्षति वा जिविकोपार्जनमा पर्न गएको असरको आधारमा पुर्ण क्षति तथा आंशिक क्षतिमा वर्गीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वर्गीकरणमा विपन्न तथा विशेष संरक्षण गर्नुपर्ने वर्गलाई छुट्टै पहिचान् गर्नु पर्नेछ ।

(४) समितिले उपदफा (१) बमोजिम पेश हुन आएको सूची उपर आवश्यक जाँचवुझ गरी लाभग्राहीहरुको अन्तिम सूची तयार गर्नु पर्नेछ र यस्तो सूची कार्यलयको सूचना पाटी वा वेबसाईट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(५) लाभग्राही पहिचानको अभिलेखाङ्कन फारम अनुसूची (२) बमोजिम हुनेछ ।

९. लाभग्राही पहिचानको आधारः

(१) संभाव्य विपद्को उच्च जोखिममा रहेको परिवार वा विपद/संकटवाट प्रभावित भई दैनिक जिविकोपार्जनमा कठिनाई भएका व्यक्ति वा परिवारलाई नगद सहायता वितरण गर्ने प्रयोजनको लागि देहाय बमोजिमका आधारहरु लिनुपर्नेछ ।

(क) उच्च जोखिम स्थलमा रहेको परिवार तथा आर्थिक र सामाजिक दृष्टिले न्यून ज्यालादारी वा विपन्न रहेको,
(ख) परिवारको कुनै पनि सदस्य (हरु) सार्वजनिक पदमा नरहेको,
(ग) घरायसी/पारिवारीक कुनै रोजगार पेशा वा व्यवसाय र आम्दानीको श्रोत वा वेतनभोगी नभएको,
(घ) साविकमा पेशा व्यवसाय वा रोजगारीको अन्य कुनै स्रोत भएता पनि हाल विपद् वा संकटवाट पुर्ण रुपमा क्षति भएको,
(ङ) सरकारी वा सार्वजनिक वा कुनै संघ/संस्थाबाट तलब पेन्सन वा अन्य आय आर्जन नभएको
(च) असहाय तथा आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्था रहेको,
(छ) अशक्त, ज्येष्ठ नागरिक, एकल महिला, गर्भवती महिला तथा बालबालिका हरुको संरक्षण गर्ने पारिवारिक सदस्य नै विपदबाट प्रभावित भएको,
(ज) विपद् तथा संकटको कारण कुनै भौगोलिक क्षेत्र वा समुदाय वा बस्ति प्रभावित भएको,

१०. नगद्र सहायता रकमको निर्धारणः

(१) विपद्को उच्च जोखिममा रहेका संभावित वा प्रभावित परिवारहरुलाई उपलब्ध गराउने नगद सहायता रकम नेपाल सरकारद्धारा स्वीकृत मापदण्डको अधिनमा रही गाँउपालिकाले निर्धारण गरे अनुसारको हुनेछ ।

(२) यदि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण वा गृह मन्त्रालयको विपद् व्यवस्थापन शाखाले जारी गरेको न्यूनतम खर्च टोकरीको विश्लेषण सम्बन्धि तथ्यांक उपलब्ध भएको



अजमल अख्तर अजाद
अध्यक्ष
भौक्राहा नरसिंह गाउँपालिका

खण्डमा यसैका आधारमा गाउँपालिकाले उपदफा (१) बमोजिम नगद सहायताको आकार निर्धारण गर्ने या परिमार्जन गर्ने छ ।

(३) गाउँपालिकाले कामका लागि नगद सहायता वितरण गर्दा गाउँपालिकाको ज्याला निर्धारण समितिले निर्धारण गरेको आधारमा हुनेछ ।

११. नगद सहायता वितरणको माध्यम:

(१) गाउँपालिकाले नगद सहायता वितरण गर्दा देहाय बमोजिमका विधि/पद्धति मध्ये कुनै एक उपयुक्त विधि अवलम्वन गर्न सक्नेछ ।

(क) बैक तथा वित्तीय सेवा प्रदायक मार्फत नगद हस्तान्तरण
(ख) विधुत्तीय उपकरणको माध्यम मार्फत नगद हस्तान्तरण
(ग) भौचर/कुपन प्रणाली मार्फत नगद हस्तान्तरण
(घ) प्रत्यक्ष नगद हस्तान्तरण/वितरण

(२) उक्त कुनै एक विधि मार्फत सबै लाभग्राहीहरुलाई सहायता रकम वितरण गर्न नसकिएको खण्डमा अन्य विधिलाई पनि सामेल गरि बहु पद्धति अपनाउन सकिने छ ।

(३) कामका लागि नगद कार्यक्रम सञ्चालनको भुक्तानी दिदा गाउँपालिकाले तोकेको कार्यसम्पादन पश्चात प्राविधिक मुल्याङ्कन गरी प्रतिवेदनको आधारमा हुनेछ ।

## परिच्छेद ५

## विविध

१२. अनुगमन तथा गुनासो सुनुवाई सम्वन्धी व्यवस्था:

(१) यस कार्यविधि बमोजिमको लक्षित लाभग्राहीले सहायता मार्फत पाउने नगद प्राप्त गरे वा नगरेको सुनिस्चित गर्न, नगद सहायता वितरणको सम्वन्धमा देखिएका गुनासोहरुको सम्वोधन गर्न तथा यस सम्बन्धि अन्य सूचना एवं तथ्यांकहरुको संकलन/विश्लेषण गर्न गाउँपालिकामा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन तथा गुनासो सुनुवाई समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकापालिकाको उपाध्यक्ष/ उपप्रमुख | संयोजक |
| ख) गैर सरकारी संघ संस्थाहरु मध्येबाट एक जना प्रतिनिधि | सदस्य |
| ग) स्थानीय रेडक्रसको प्रतिनिधि | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) वातावरण तथा विपद व्यवस्थापन शाखा/इकाई को प्रमुख | सदस्य सचिव |



अजमल अख्तर अजमद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

(२) उप दफा (१) बमोजिमको समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१३. प्रचलित कानून वमोजिम कारवाही हुने:

(१) दफा १२ बमोजिम अनुगमन गर्दा यस कार्यविधि प्रतिकुल हुने गरी वा प्रचलित कानून विपरित नगद वितरण गरेको या गराइएको पाईएमा त्यस्ता संघ/संस्था, पदाधिकारी वा कर्मचारीहरुलाई प्रचलित कानून वमोजिम कारवाही गरिने छ ।

१४. नगद सहायता प्रवाह सम्वन्धी व्यवस्था:

(१) विपद् प्रभावितहरुलाई उपलव्ध गराईने नगद सहायता गाउँपालिकामा रहेको, विपद् व्यवस्थापन कोष मार्फत प्रवाह हुनेछ ।

(२) उपदफा (१) बमोजिम विपद् व्यवस्थापन कोष मार्फत नगद प्रवाह गर्न असहज परिस्थिति रहेको अवस्थामा समितिसंगको समन्वय तथा सहकार्य मार्फत सहयोगी संघ/संथाहरुले यस कार्यविधिको मार्गनिर्देशन अनुसार नगद सहायता प्रदान गर्न सक्ने छन् ।

१५. समन्वय र सहकार्य सम्वन्धी व्यवस्था:

(१) गाउँपालिकाले तथ्यांक संकलन, अवस्था विश्लेषण, नगद सहायताको ढांचाको तर्जुमा, योजना तर्जुमा एवं कार्यन्वयन तथा अनुगमन गर्न विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत साझेदार संघ/संस्थाहरु सँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ ।

१६. स्वीकृति लिनुपर्ने:

(१) विकास साझेदार, अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था एवं निकायहरुले यस कार्यविधि बमोजिमको राहत वितरण गर्न चाहेमा प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित संघसंस्था बाहेक राष्ट्रियस्तरका अन्य गैरसरकारी संघसंस्थाले गाउँपालिकाको स्वीकृति लिई राहत वितरण गर्न सक्नेछन ।

१७. नगद सहायता प्रयोगमा बन्देज:

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको शीर्षक एवं अवस्थामा नगद सहायता वितरण गर्न पाईने छैन:

(क) नियमित प्रशासनिक कार्यको लागि,
(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,



अजमल अख्तर अजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमणखर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कुनै पनि किसिमको चन्दा, पुरस्कार तथा उपहार उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न, गराउन,

(च) "कामको लागि नगद" मोडालिटी/ढाँचा अनुसार आकस्मिक रूपमा पुनर्लाभ/पुनर्निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्न, गराउन,

(ङ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन सँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनैपनि कार्य गर्न, गराउन।

## १८. एकद्धार प्रणाली अवलम्वन गर्ने:

(१) दफा १४, १५ र १६ अनुसार विकास साझेदार तथा राष्ट्रिय एवं अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था/निकायहरुले यस कार्यविधि बमोजिम नगद सहायता सम्बन्धि कार्यक्रम संचालन गर्दा सूचना व्यवस्थापन, आवस्यक समन्वय, प्राविधिक सहायता एवं नविनतम प्रविधिको प्रयोग साझा लक्ष्य हासिल गर्न एकद्धार प्रणाली कायम हुने गरी गाउँपालिका संग सहकार्य गर्नुपर्नेछ ।

## १९. नगद सहायता वितरणको सार्वजनिकिकरण:

(१) यस कार्यविधि बमोजिमको नगद सहायता कार्यक्रम सम्बन्धि सम्पूर्ण विवरण सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकाले सुरक्षित राखी सोको विवरण कार्यलयको सूचना पाटी वा वेबसाईट मार्फत सार्वजनिक गरिने छ ।

## २०. लेखा तथा लेखापरिक्षण सम्वन्धी व्यवस्था:

(१) यस कार्यविधि बमोजिम वितरण गरिएको नगद सहायताको लेखा तथा लेखापरिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

### अनुसूची (१)

### आधारभुत बजार व्यवसाय सुचना फारम

| क.स. | बजारको संचालन तथा नगद सहायता संग सम्बन्धित मुख्य विश्लेषणात्मक प्रश्नहरु (आधारभूत बजार-व्यवसाय सूचना) | बजार प्रणालीको क्षमता/संचालन | | | बजार प्रणालीमा क्षतिको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | छैन | निर्वाहमुखी छ | पूर्ण रुपमा छ | पूर्ण क्षति | आंशिक क्षती | पूर्णसंचालन |
| १. | बजार प्रणालीको न्यूनतम संचालन अवस्था कस्तो छ ? | | | | | | |
| २. | केखुद्रा व्यवशाय संचालित छन्? या, तत्काल संचालनका सम्भावना सहित छन्? | | | | | | |



अजमल अख्तर अजमद
अध्यक्ष
...काहा नरसिंह गाउँपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | खुद्रा व्यवशायहरु यदि संचालनमा छन् या तुरुन्तै संचालनमा आउन सक्दछन् भने के ति व्यवशायहरुले स्थानीयवासीको मागलाई सम्बोधन गर्न सक्दछन्? | | | | | | |
| ४. | के थोक व्यवसाय संचालनमा छन् या तत्कालै संचालनमा आउन सक्ने सम्भावना सहितका छन्?के थोक व्यवशायले खुद्रा व्यवशायलाई माग अनुसार आपूर्ति गर्न सक्छ?. | | | | | | |
| ५. | के प्रभावित समुदाय (हरु) नजिकको बजार सम्म किनमेल को लागि आवतजावत गर्न सक्दछन? (दुरी, पुल-पुलेशा, बाटो-घाटो, सवारी साधन प्रयोग आदि) | | | | | | |
| ६. | बजार प्रतिस्प्रधात्मक अवस्थामा रहेको/नरहेको? | | | | | | |
| ७. | अत्यावस्यक आधारभूत बस्तु, सामग्री, सेवा उपलब्ध छ, छैन? | | | | | | |
| ८. | स्थानिय ब्यापार एवं व्यवशायिक गतिबिधिको अवस्था कस्तो छ? | | | | | | |
| ९. | गोदामको अवस्था, भण्डारण क्षमता र सामग्री उपलब्धता के कस्तो छ? | | | | | | |
| १०. | अन्य(उल्लेख गर्ने): | | | | | | |

बिश्लेषण टिप्पणी:

क. स. १. यदि उत्तर "छैन" अथवा "पूर्ण क्षति" आएमा तत्कालिन अवस्थामा प्रत्यक्ष्य नगद सहयोग अनुचित ठहरिन्छ

क. स. २. यदि नगद प्रवाहको माध्ययमबाट तत्काल संचालन हुनसक्ने पुस्टिभएमा सहायता कार्यक्रम संचालन गर्न सकिने छ

क. स. ३. यदि स्थानीय बजार संचालनमा रहेमा, या तत्कालै संचालनमा आउन सक्ने अवस्था भएमा नगद सहायताकार्यक्रमको गुणक-प्रभावद्वारा माग-आपूर्ति सम्बन्धबिस्तारै सुचारु हुने हुनाले नगद सहायताकार्यक्रम उपयुक्त हुनजान्छ

क. स. ४. थोक व्यवसाय स्थानीयखुद्रा व्यवसायी हरुको पहुँचमा रही स्थानीय खुद्रा व्यवसायलाई माग अनुसार आपूर्ति गर्न सक्ने भएमा नगद सहायता कार्यगर्न प्रवल सम्भावना रहन्छ

क. स. ५. स्थानियबासीलाई नजिकको बजार सम्म आवतजावत गर्दा झनै जोखिम बढ्ने, धेरै समय लाग्ने, असुरक्षित महशुष गर्ने जस्ता समस्या देखिएमा नगद सहायता कार्यक्रमकै "पैसाका लागि काम" कार्य पनि एकै साथ संचालन मा ल्याई अवशिष्ट खतराहरू न्यूनिकरण गर्न सकिन्छ

क. स. ६. बजार प्रतिस्प्रधात्मक हुँदा नगद सहायता कार्यक्रमका नकारात्मक प्रभावहरु कम हुँदै जान्छन

क. स. ७. के बजारले जनताको आधारभूत आवस्यकताहरु पूर्ति गर्न सक्दछ? यदि सक्ने अवस्था देखिएमा नगद सहायता कार्यक्रमहरु सान्दर्भिक, उपलब्धिमुलक एवं प्रभावकारी हुन्छन

क. स. ८. यदि बजारमा विपद्को प्रभाव न्यून हुँदा हुँदै पनि व्यापार/ व्यवशाय न्युनछ भने नगद सहायता कार्यले बजारमा नगद प्रवाह गरि व्यपारवृद्धि गर्न टेवा पुर्याउने हुनजान्छ



अजमल अख्तर अंसारी
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

क्र. स. ९. बस्तु तथा सेवाको बजारभाउ, सामग्रीहरु को भण्डारण/गोदाम, ढुवानी सेवा एवं स्थानीय यातायात आदिको तथ्यांक बिश्लेषण गर्दा नगद सहायता कार्यसम्बन्धि निर्णय गर्न सहज हुने छ
क्र. स. १०. अन्य

## अनुसूची-२

### लाभग्राही पहिचानको अभिलेखाङ्कन फारम

जिल्ला: सुनसरी
गाउँपालिकाको नाम: भोक्राहा नरसिंह गाउँपालिका
वडा न:
टोल:
प्रमुख/अध्यक्षको नाम: अजमल अख्तर आजाद
प्रमुख प्रशासकिय अधिकृतको नाम:

| सि.नं | लाभग्राही परिवारको नाम | परिवार सदस्य संख्या | लाभग्राहीको वर्गीकरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वढी प्रभावित | अंशिक प्रभावित | विपन्न | संकटासन्न | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| ... | | | | | | | |



अजमल अख्तर आजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका

## अनुसूची-३

## राहत प्राप्त गर्ने लाभग्राही अभिलेखाङ्कन फारम

जिल्ला: सुनसरी
गाउँपालिकाको नाम: भोक्राहा नरसिंह गाउँपालिका
वडा न:
टोल:
प्रमुख/अध्यक्षको नाम: अजमल अख्तर आजाद
प्रमुख प्रशासकिय अधिकृतको नाम:

| सि.नं | लाभग्राही परिवारको नाम | परिवार सदस्य संख्या | लाभग्राहीको वर्गीकरण अनुसार प्राप्त गर्ने/गरेको नगद सहायता राशी | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वढी प्रभावित परिवारले प्राप्त गर्ने नगद राशी | अंशिक प्रभावित परिवारले प्राप्त गर्ने नगद राशी | विपन्न परिवारले प्राप्त गर्ने नगद राशी | संकटासन्न परिवारले प्राप्त गर्ने नगद राशी | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| ..... | | | | | | | |

अजमल अख्तर आजाद
अध्यक्ष
भोक्राहा नरसिंह गाउँपालिका